नेपाली महिलाहरुलाई लक्षित गर्दै देशको दिगो विकास गर्न तर्फ अग्रसर गराउन नेपालीहरु बाटै नियमित रुपमा अर्थ संकलन गर्ने बानी बसाई नेपालका महिला संस्थाहरुलाई अनुदान सहयोग गर्ने उद्धेश्यले वि.स. २०५३ सालमा यस टेवा महिला कोषको स्थापना भएको हो ।

## परिकल्पना

अन्याय र भेदभाद रहित देश जहाँ महिलाहरुले आफ्नो हक, अधिकार, शान्ति र स्वतन्त्रताको उपभोग गर्न सक्नेछन् ।

## लक्ष्य

अनुदान र क्षमता विकासद्धारा महिलाहरुलाई संगठित गरि पक्षपातपूर्ण निति, अभ्यास र सामाजिक कुरितिको विरुद्ध आवाज उठाई त्यसलाई परिवर्तन गर्ने

टेवाको विगत २० वर्षको अनुभवको आधारमा टेवाले ५ वर्षे रणनिति तयार गरेको छ । जस अनुरुप टेवा अनुदान कार्यक्रमलाई पनि परिमार्जन गरेको छ । यस अनुसार टेवा अनुदान कार्यक्रमले महिलाको मुद्धालाई अगाडि बढाउने कृयाकलाप साथै सस्थागत विकास र दिगोपनामा प्रभावकारी उपलब्धि हासिल गर्न जोड दिनेछ । यसको लागि महिलाको आर्थिक, सामाजिक, राजनैतिक अधिकार सुनिश्चित गर्न सिमान्तकृत तथा पछाडि पारिएका महिलाको विकासलाई प्राथमिकता दिइनेछ ।

## **टेवा अनुदान कार्यक्रमको रणनिति**

क्षमतामा अभिबृद्धिको माध्यमबाट सिमान्तकृत र पछाडी पारिएका महिलाहरुको जीवन परिवर्तन गर्ने उद्धेश्यले गरिने प्रयासहरुलाई सहयोग गर्ने

महिलाको आवाजलाई प्रभावकारी बनाउन तथा उनीहरुको मुद्धालाई उजागर गर्नको लागि महिलाको निर्णय गर्न सक्ने क्षमता र नेतृत्व विकास गर्न सहयोग गर्ने

निति निर्माण तहमा सहभागि हुने, वकालत गर्ने र प्रभावित पार्न सक्ने महिलाहरुको सक्षम जमात खडा गर्नको लागि महिला आन्दोलनलाई सशक्त पार्न सहयोग गर्ने

## **अनुदानको प्रकार**

### **१)आधार अनुदान**

यस अनुदानको मुख्य उद्देश्य महिला आन्दोलनमा सहयोग पुऱ्याउन तथा समुदायमा कार्यरत महिला संस्थाहरुको विकास र दिगोपनको लागि सहयोग पुऱ्याउनु हो ।

क. महिलाबादी आन्दोलन

- महिला आन्दोलनलाई अगाडि बढाउन गरिने कार्यक्रम, अभियान तथा बकालतको लागि

ख. संस्थागत विकास र दिगोपनको लागि अनुदान

- संस्थाको लागि बीउ पुँजी( यो अनुदानले भर्खरै स्थापना भएको ( ६ महिना देखि १ वर्ष सम्म) संस्थालाई सहयोग पुऱ्याउनेछ
- संस्था विकासको लागि गरिने विभिन्न कार्यक्रमहरु

अ

यस अनुदान अन्तर्गत प्रस्तावित परियोजनाको बजेट नयाँ संस्थाको लागिखा बढीमा रु. १ लाख सम्मको हुन सक्नेछ भने पुराना संस्थाको लागि बढीमा रु ३ लाख सम्मको हुन सक्नेछ ।

### **<u>२ सम्मान अनुदान</u>**

यस अनुदानको मुख्य उद्धेश्य टेवाको अनुदान रणनितिलाई सम्बोधन गर्ने गरि महिला समूहको आवश्यकता अनुरुपको कार्यक्रमलाई सहयोग गर्नु हो

यस अन्तर्गत निम्न प्रकारका कार्यक्रमहरुको लागि अनुदान दिइनेछ । जस्तै

- महिलाको आर्थिक सशक्तिकरणको लागि गरिने कार्यक्रमहरु
- महिला मानव अधिकार संरक्षणको लागि गरिने पैरवी, वकालतका कार्यक्रमहरु
- जनचेतनामुलक तालिम
- क्षमता अभिबृद्धि कार्यक्रम
- हिंसा न्यूनीकरण तथा शान्तिको लागि कार्यक्रम
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकारको लागि गरिने कायक्रम
- शिक्षा(विषेश परिस्थितिमा महिला/वालिकाको लागि)
- नारीवादी धारणा र विचार प्रवर्धनका शिक्षाको लागि
- परोपकारीतालाई बढावा दिने कार्यक्रम
- स्वास्थ्य/वाताबरण
- अपाङ्गता भएका महिलाहरुको लागि गरिने कार्यक्रम

- निति–नियम निर्माण गर्ने तहमा महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वको लागि गरिने कार्यक्रमहरु

टेवाले दीर्धकालीन महिला आन्दोलनमा सकारात्मक असर पुग्ने कार्यक्रमलाई विषेश प्राथमिकता दिनेछ ।

यस अनुदान अन्तर्गत प्रस्तावित परियोजनाको प्रकार हेरी औसतमा **रु पचास हजार** सम्म दिन सकिनेछ ।

### **३.सुरक्षा अनुदान**

यस अनुदान संवेदनशील तथा अत्यन्तै जरुरी परियोजनाहरुलाई प्रदान गरिनेछ । यस अन्तर्गत टेवा कार्यकारिणी समितिको निर्णयबाट विभिन्न कार्यक्रमहरुको लागि अनुदान दिइनेछ । जस्तै

- आपतकालिन अवस्थामा गरिने सहयोगका कार्यक्रमहरु
- महिला आन्दोलनको लागि अत्यन्तै जरुरी परियोजनाहरु, जुन परियोजनाहरुलाई टेवाको अन्य अनुदानको दायरा भित्र पार्न कठिन हुन्छ ।
- महिला मानव अधिकार संरक्षणको लागि कार्यरत व्यक्तिहरु -महिला अधिकारकर्मी /हिंसामा परेका/ पारिएका महिलाहरुको लागि

यस अनुदान अन्तर्गत विषय, परिस्थिति र परिवेश हेरी बढीमा रु **१ लाख** रुपैंया सम्म दिन सकिनेछ ।

## **<u>अनुदान प्रदान गरिने समयबारे जानकारी</u>**

टेवाको अनुदान वर्षको तीन पटक गरि दिइनेछ ।

❖ आधार अनुदान

- महिलाबादी आन्दोलनको लागि दिइने अनुदान परिस्थिति अनुरुप कार्यालय खुल्ने ३ देखि ५ दिन भित्र स्वीकृत गर्न सकिने छ ।
- संस्थागत विकास र दिगोपनको लागि अनुदान वर्षको एक पटक दिइने छ ।
- प्रस्तावना स्वीकृत गरिने मिति फागुन महिनामा
- अनुदान रकम प्रदान गरिने मिति प्रस्तावना स्वीकृत भएको १५ दिन भित्र

❖ **सम्मान अनुदान** वर्षको दुईद पटक दिइनेछ।

- पहिलो : प्रस्तावना स्वीकृत गरिने मिति कार्तिक महिनामा

  अनुदान रकम प्रदान गरिने मिति प्रस्तावना स्वीकृत भएको १५ दिन भित्र

- दोस्रो : प्रस्तावना स्वीकृत गरिन मिति जेठ महिनामा

  अनुदान रकम प्रदान गरिने मिति प्रस्तावना स्वीकृत भएको १५ दिन भित्र

❖ **सुरक्षा अनुदान**

- आपतकालिन अवस्थामा गरिने सहयोगको लागी परिस्थिति अनुरुप ३ देखि ५ दिन (कार्यलय खुल्ने दिन)भित्र स्वीकृत गर्न सकिनेछ।
- अन्य प्रस्तावना विषय र परिस्थिति अनुरुप स्वीकृत गर्न सकिनेछ।

**टेवाले कसलाई अनुदान दिन्छ।**

- नेपाल अधिराज्य भित्र कार्यरत नेपाल सरकारका सम्वन्धित निकायमा दर्ता भईसकेका महिला गैर सरकारी संस्थाहरु
- समुदायको विकासको लागि कार्यरत रहेको महिला सहकारी संस्था जसको संचित पूँजी ३ लाख भन्दा कम रहेका
- संस्थाको कार्यकारिणी समितिमा र कार्यक्रम संचालनमा महिलाको नेतृत्व रहेको हुनुपर्नेछ र कार्यकारिणी समितिमा महिलाको बाहुल्यता (९०%)रहेको।
- कार्यत्रमको लक्षित समूह महिला विशेष गरि सिमान्तकृत र पछाडि पारिएका वर्गको महिलालाई ग्राह्यता दिइनेछ। पारदर्शिता, जवाफदेहिता, सुशासन तथा सहभागिता मुलक निर्णय प्रकृया अपनाएको संस्थाहरुले प्राथमिकता पाउनेछ।
- आफ्नो विधानको दायरा भित्र रहेर कार्यरत रहेको संस्था हुनु पर्नेछ।
- महिला अधिकारकर्मी (व्यक्तिगत वा संस्थागत) हुन सक्नेछ।
- नारीबादी चिन्तनको विकासको लागि कार्यरत संस्था हुनुपर्ने।

**टेवाले कसलाई अनुदान दिदैन**

- व्यक्तिगत रुपमा कसैलाई पनि सहयोग गर्दैन (सुरक्षा अनुदान अन्तर्गत महिला अधिकारकर्मी बाहेक)
- महिलाको मुद्दामा काम नगर्ने संस्था
- पुरुष नेतृत्व भएको संस्था
- राजनैतिक वा धार्मिक दलबाट प्रभावित भएको संस्था
- निजी तथा व्यापारिक संस्था

**आवेदन दिने बिधि**

- टेवा अनुदान समितिको नाममा ईच्छुक संस्थाले आफनो उद्देश्य र कार्यविवरण खुलाई टेवाको परियोजना प्रस्तावना फारम भरेर आवेदन दिनुपर्नेछ।
- परियोजना प्रस्तावना फारमको लागि हाम्रो कार्यालयमा सम्पर्क गर्नसक्नु हुनेछ अथवा हाम्रो वेभसाईट www.tewa.org.np वाट पनि प्राप्त गर्नसक्नु हुनेछ।
- परियोजना प्रस्तावना फारमको साथमा सम्पूर्ण आवश्यक कागजातहरु संलग्न गरी बुझाउनु पर्नेछ।
- प्रस्तावना अध्ययन विश्लेषणको क्रममा टेवाले संस्था/प्रस्तावना सम्वन्धि सोधपुछ र थप जानकारी माग गर्न सक्नेछ।
- प्राप्त भएका आवेदनहरुको अध्यन गरि टेवाले छनौट प्रकृयाको क्रममा स्थलगत सर्वेक्षण तथा निरिक्षण पनि गर्न सक्नेछ। त्यसको लागि संस्थाले निरिक्षण टोलीलाई उचित वातावरण प्रदान गर्नु पर्नेछ। सो निरिक्षण टोलीको प्रतिवेदन अन्तिम छनौटको लागि सहायक हुनेछ।
- प्रस्तावना पठाउने संस्थाको छनौट गर्दा टेवाको नेटवर्कमा रहेका अन्य संस्थाहरुसंग पनि सल्लाह र सुझाभ लिई निर्णय गरिनेछ
- प्रस्तावित परियोजनालाई अनुदान दिने नदिने अन्तिम निर्णय टेवाको कार्यकारिणी समितिले गर्नेछ।

**नोट : एउटा संस्थाले एक आर्थिक वर्षमा एक पटक मात्र प्रस्तावना पेश गर्न सक्नेछ।**

अन्य जानकारीको निम्ति तलको ठेगानामा सम्पर्क गर्नु होला


***टेवा Tewa***

पेष्ट बक्स न : ११ धापाखेल, ललितपुर, नेपाल
टेलिफोन न : ०१-५५७२६५९ / ५५७२२३५ / ५५७२६५४
फयाक्स नं : ९७७-१-५५७२६५९
इमेल : info@tewa.org.np
वेभ साईट : www.tewa.org.np


## समता न्याय र शान्तिका लागि सत्कार्य

टेवा Tewa

# टेवा अनुदान सम्बन्धि "चिनारी"